## नेपाल खुला विश्वविद्यालय

## डीन उम्मेदवार छनोट तथा सिफारिश सम्वन्धि कार्यविधि २०७९

नेपाल खुला विश्वविद्यालय कार्यकारी परिषदको मिति २०७९।१०।२७ को निर्णय अनुसार गठित डीनको उम्मेदवार सिफारिश समितिले परिषदले प्रदान गरेको सिफारिश सम्वन्धी कार्यशर्त तथा नेपाल खुला विश्वविद्यालयको ऐन २०७३ (संशोधन) दफा २०(३) र ११ (ण) को अधिनमा रहेर डीन उम्मेदवार छनोट तथा सिफारिश सम्वन्धी कार्यविधि २०७९ तयार गरेको छ । यो कार्यविधि डीन सिफारिस गर्ने कार्यका लागि तुरुन्त कार्यान्वयन हुनेछ ।

**१. वैठक सञ्चालन तथा निर्णय सम्वन्धि ब्यवस्था**

क. समितिको वैठक समितिका संयोजकले आवश्यकता अनुसार वोलाउने छन् ।

ख. वैठकमा लिईने निर्णय समितिको सामान्य वहुमतबाट हुनेछ ।

ग. वैठकमा मत बराबर हुन गएमा संयोजकको मतका आधारमा निर्णय हुनेछ ।

घ. विज्ञापन तथा छनोट सम्वन्धि अन्य कुनै अप्ठ्यारा तथा वाधा अडकाउ सम्बन्धि निर्णय समितिको वैठकको निर्णय अनुसार हुनेछ ।

ङ. समितिमा कुनै कारणवश केहि विवाद भएमा र विवादका कारण निर्णयमा पुग्न नसकिने परिस्थिति सिर्जना भएमा यसको निरुपण र निर्णय लिने जिम्मेवारी समितिका संयोजकको हुनेछ । यो निर्णय समितिको निर्णय सरह हुनेछ ।

२. **आवेदकको न्यूनतम योग्यता**

क. मान्यता प्राप्त विश्वविद्यालयबाट संकायसंग सम्वद्ध कुनै विषयमा विद्यावारिधी (पिएचडी)

ख. विश्वविद्यालय तथा उच्चशिक्षाका क्षेत्रमा कम्तिमा १० वर्षको पूर्णकालिन प्राध्यापन अनुभव प्राप्त

ग प्राध्यापक वा सहप्राध्यापक पदमा कार्यरत तथा कार्य गरेको

**३. थप योग्यता, अनुभव, योजना तथा प्रतिवद्धता**

क. संकायलाई प्राज्ञिक , प्रशासनिक तथा ब्यवस्थापकिय नेतृत्व गर्न सक्ने कार्यक्षमता प्रदर्शन गर्ने अनुभव गरेका उपलब्धिहरुको प्रमाणिक आधार सहितको अभिलेख,

ख. खुला शिक्षा, दूर सिकाई तथा अनलाईन सिकाई प्रणालीमा प्राध्यापन तथा ब्यवस्थापन गरेको अनुभव र यस प्रकृतिको विश्वविद्यालय ब्यवस्थापन वुझेको प्रमाणित गर्ने आधार सहित विवरण,

ग. आफूले आवेदन दिएको संकायको डीन पदमा नियुक्त भएमा उक्त संकायको प्राज्ञिक तथा वित्तिय ब्यवस्थापन एवं संस्थागत विकासको लागि २५०० देखि ३००० शब्दसम्मको ४ वर्षे कार्यकालको रणनीतिक योजना,

घ. समकक्षी मूल्याँकित स्तरिकृत जर्नलहरुमा अनुसन्धानमूलक लेखहरु प्रकाशन गरेको,

ङ. कुनै किसिमको भ्रष्टाचार तथा भ्रष्टआचरणसंग जोडिएर नैतिकतामा प्रश्न उठेको तथा अपराधजन्य कार्यमा सजायँ नपाएको स्वघोषणा,

च. डीन पदमा रहदा दलगत राजनितिलाई लाभहानी दृष्टिकोणले कुनै निर्णय नगर्ने प्रतिवद्धताको स्वघोषणा ।

**४ उम्मेदवार हुन नपाउने**

क. कुनै किसिमको भ्रष्टाचार तथा भ्रष्टआचरणसंग संलग्न रहि नैतिकतामा प्रश्न उठेको तथा अपराधजन्य कार्यमा सजायँ पाएको

ख. सम्वन्धित देश तथा नेपालले मान्यता प्रदान नगरेका विश्वविद्यालय तथा उच्चशिक्षा संस्थाबाट शैक्षिक उपाधि प्राप्त गरेको

**आवेदनका साथ पेशगर्नुपर्ने कागजातहरु**

क. आफ्ना सम्पूर्ण शैक्षिक योग्यताका ( स्नातक, स्नातकोत्तर, एम फिल र विद्यावारिधी) प्रमाणपत्रको ई-कपी ।

ख. कुनै उच्च शैक्षिक संस्थामा पूर्णकालिक प्राध्यापक वा सह-प्राध्यापकको रुपमा नियुक्त भई काम गरेको तथा उच्च शिक्षामा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात ।

ग. स्तरिकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेखको ई-कपी तथा पुस्तकको कपी ।

घ. आफूले आवेदन दिएको संकायको डीन पदमा नियुक्त भएमा उक्त संकायको प्राज्ञिक तथा वित्तिय ब्यवस्थापन एवं संस्थागत विकासको लागि २५०० देखि ३००० शब्दसम्मको ४ वर्षे कार्यकालको रणनीतिक योजना

ङ. नेपाली नागरिकताको प्रमाणपत्र फोटोकपी

च. आफू हाल कार्यरत संस्थाको वा विगतमा कार्यरत रहेको संस्थाको प्रमुख वा एक निकटस्थ संस्था सुपेरिवेक्षक र संस्था बाहिरको आफूसित परिचित एक प्राज्ञिक गरी २ जना रेफ्रीको सम्पर्क इमेल तथा मोवाईन नम्वर सहितको विवरण । आवश्यकताका आधारमा सिफारिश समितिले रेफ्रिलाई सम्पर्क गर्नेछ र सोको जानकारी उम्मेदवारले निजहरुलाई पूर्वसूचना दिनु पर्नेछ ।

छ. डिनको कार्यकालमा कुनै पनि दलीय राजनीतिक संस्थामा सम्लग्न नरहने स्वघोषणा वा प्रतिवद्धता पत्र ।

ज. डीन पदमा रहँदा दलगत राजनैतिलाई लाभहानीका दृष्टिकोणबाट कुनै निर्णय नगर्ने प्रतिवद्धता पत्र

झ. उच्च शिक्षा प्रदायक संस्थामा नेतृत्व तहमा वा व्यवस्थापन तहमा कामको अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण

ञ. आफूले प्राज्ञिक क्षेत्रमा योगदान गरेको अन्य कुनै प्रमाण भएमा समावेश गर्ने

**६. छनोट तथा सिफारिस सम्वन्धि आधार तथा गणना**

छनोटका लागि हरेक आधारमा तोकिएको अंक अधिकतम अंक हुनेछ र कुल पूर्णांक १०० मा मूल्याँकन हुनेछ । गणना गर्दा अधिकतम अंक भन्दा वढि भएमा अधिकतम पूर्णांक कायम हुनेछ ।

| **आधार** | **पूर्णांक** | गणना विधि |
|---|---|---|
| **क. प्रशासनिक अनुभव** | १० | विश्वविद्यालको पदाधिकारीसम्वन्धि ब्यवस्थामा उल्लेख भएका पदको अनुभव मात्र गणना गरिने छ।<br>डीन वा सो सरह पदका लागि प्रतिवर्ष १<br>सहायक डीन, क्याम्पस प्रमुख वा सोसरह प्रतिवर्ष ०.७५<br>सहायक क्याम्पस प्रमुख, विभागिय प्रमुख वा सोसरह ०.५ |
| **ग. खुला दूरशिक्षा तथा अनलाईन प्रणालीमा काम गरेको सम्वन्धि अनुभव** | ५ | प्रतिवर्ष १ अंक |
| **घ. विगतमा आफूले काम गरेको संस्थाको शैक्षिक तथा प्रशासनिक क्षेत्रमा सम्पन्न उपलब्धि र उल्लेखनिय योगदान** | १० | समितिका सदस्यले गर्ने मूल्याँकनको औषत |
| **ङ. अनुसन्धान सम्वन्धि लेख, रचना** | २० | प्रति लेख ४ अंक स्तरिकृत जर्नल प्रकाशन |
| **च. सामान्य जर्नल** | ५ | प्रति लेख १ अंक सामान्य समकक्षी मूल्याँकित जर्नल |
| **छ. रणनीतिक योजना** | १५ | समितिका सदस्यहरुको मूल्याँकन औषत |

| | | |
|---|---|---|
| | | समितिबाट तयार पारिएको मूल्याँकन आधारमा मूल्याँकन गरिने |
| **ज. रणनीतिक योजना प्रस्तुति** | १० | समितिका सदस्यहरुको मूल्याँकन औषत<br>समितिबाट तयार गरिएको प्रस्तुति मूल्याँकन आधारमा रहि मूल्याँकन गरिने |
| झ अन्तर्वार्ता | २५ | अन्तरवार्ता मूल्याँकन आधारमा समितिका सदस्यको मूल्याँकन औषत |

प्रस्तुति, अन्तर्वार्ता तथा दूरदृष्टि योजनाको मूल्याँकन आधार अनुसूचिमा समावेश भए वमोजिम हुनेछ ।

**७. सिफारिश सम्वन्धी ब्यवस्था**

क. माथि दफा ६ मा उल्लेख भएका क देखि झ सम्मका आधारहरुमा प्राप्त अंकको योगफलका आधारमा सर्वोत्तम अंक प्राप्त गर्नेलाई मुख्य र निकटतम अंक प्राप्त गर्नेलाई वैकल्पिक उम्मेदवारको रुपमा समितिले डीन पदमा नियुक्तिका लागि उम्मेदवार सिफारिश गर्ने छ ।

ख. प्रत्येक संकायको डीन पदमा आवेदन गर्ने उम्मेदवारहरु मध्ये दफा ६ मा उल्लेख गरिएको क देखि ज सम्मको आधारमा प्राप्त हुने कुल अंकमा उच्चतम् अंक प्राप्त गर्ने ४ जनालाई मात्र अन्तर्वार्ताका लागि छनोट गरिने छ ।

ग. माथि उल्लेखि क अनुसार उम्मेदवार सिफारिश गर्न प्राप्ताँक बराबर भएमा दफा ६(घ) मा बढि अंक प्राप्त गर्नेलाई प्राथमिकता दिईने छ र यदि दफा ६(घ) पनि बराबर भएमा दफा ६(छ) मा बढि अंक प्राप्त गर्नेलाई प्राथमिकता दिई समितिले निर्णय लिनेछ ।

**८. विविध**

क. समावेशी सिद्धान्त अनुरुप महिला तथा समाजमा पछाडि पारिएका समूहका सदस्यहरूलाई आवेदन दिन प्रोत्साहित गरिने छ।

ख. यस कार्यविधि कार्यान्वयनमा लैजादा वाधा अडकाउन फुकाउने जिम्मेवारी समितिको हुनेछ र समितिको निर्णय नै अन्तिम हुनेछ ।

ग. वाधा अडकाउ सम्वन्धि निर्णय विश्वविद्यालयको ऐन, नियम, तथा नेपालको प्रचलित नियम कानूनको परिधिभित्रबाट समितिले गर्नेछ ।

## अनुसूची १

## वायोडाटा सम्वन्धी ढाँचा

Biographical Data

Name, education, position held, and special honors and awards

Experiences

As teacher

- courses taught in different mode, program lead, program/course developed, assessment framework developed

- year and experiences with different position and responsibility

- if country other than Nepal taught specify institution and tenure and work experiences

As supervisor

Thesis supervised as supervisor, co-supervisor, under supervision and awarded degree (Master, Mphil, PhD etc) with title of dissertation, and name of the candidate, and

As external evaluator (title of the thesis, name and degree awarded year)

Working as visiting fellow, faculty, professor in institution and duration

As an academic leadership and administrative role(tenure, institution, duration, and achievements)

Research and Publication

Details of research grants received contribution to the institution (research completed, ongoing etc)

Publications lists with specifying journal types (index, rank , national, international, peer reviewed and publishers, DOI etc) and books

Under publication which are in process and accepted for publication separating the category

Conference papers

## अनुसूची २

## दुरदृष्टि तथा कार्ययोजना सम्बन्धि लेखन ढाँचा

The following major themes must be covered. Writing template could be personal:

Introduction

Review of Higher Education aboard and Nepal

NOU, its strength, issues and challenges

Plan for advancement (academic, financial, management) with vision, mission, values, goals and objectives with strategic steps and approach, more actionable plan

Summary and conclusion

## अनुसूची ३

## प्रस्तुति तथा अन्नर्वार्ता सम्बन्धि मूल्याँकन ढाँचा

### तल उल्लेखित आधारहरु समावेश गरेको मूल्याँकन फाराम

**Presentation**

The following will be the criteria for the evaluation of the presentation.

Language, confidence, logical flow and coherence of ideas, summarization of the presentation, quality of answering questions,

**Interview**

Personality, self-confidence, communication skills, knowledge of the subject/areas concern, academic leadership quality

## अनुसूचि ४

### मूल्याँकन फाराम

| आधार | अंक | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ | ङ | च | छ | ज | झ |
| उम्मेदवार | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |